# बालबालिका सम्बन्धी नियमावली २०८२

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
साँघु ,ताप्लेजुङ
प्रदेश नं. १, नेपाल

# बालबालिका सम्बन्धी नियमावली २०८२

**प्रस्तावना:**

स्थानीय तहमा बालबालिकाको हक हित र अधिकारको सम्मान , सरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट,संरक्षण,विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न आवश्यक देखिएकोले **बालबालिका सम्बन्धी ऐन, २०७५** को नियम ७ (१०) ले दिएको अधिकार, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४,** प्रदेश नं. १ बालबालिका संरक्षण ऐन २०७७, **मैवाखोला गाउँपालिकाको बालबालिका सम्बन्धी ऐन-२०७९,** र स्थानीय तहमा प्रत्यायोजित अधिकारको प्रयोग गरी **"बालबालिका सम्बन्धी नियमावली २०८२"** तयार गरी लागू गरिएको छ ।

**परिच्छेद-१**

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "बालबालिका सम्बन्धि नियमावली २०८२" रहनेछ ।

(२) यो नियमावली कार्यपालिकाको बैठकबाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा;-

(क) **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र मैवाखोला गाउँपालिका बालबालिका सम्बन्धी ऐन-२०७९ सम्झनु पर्दछ ।

(ख) **"गाउँपालिका"** भन्नाले मैवाखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले "बालबालिका सम्बन्धी नियमावली २०८२"सम्झनु पर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले मैवाखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले मैवाखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **"कार्यपालिका"** भन्नाले मैवाखोला गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मैवाखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) **“कार्यालय”** भन्नाले मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ञ) **“बालबालिका”** भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ट) **“स्थानीय बाल अधिकार समिति”** यस नियमावलीको नियम १५ बमोजिम गठन भएको गाउँपालिका स्तरीय समितिलाई सम्झनु पर्दछ। यसले वडा बालअधिकार समितिलाई समेत बुझाउनेछ।

(ठ) **“बाल कल्याण अधिकारी”** नियमावलीको नियम-९ बमोजिम गाउँपालिकाले नियुक्त गरेको वा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ड) **“बाल मनोविज्ञ र समाजसेवी ”**भन्नाले नियमावलीको नियम-११ बमोजिम सूचीकृत बाल मनोविज्ञ र समाजसेवीलाई सम्झनु पर्छ।

(ढ) **“आपत्कालीन बालउद्धार कोष”** भन्नाले मैवाखोला गाउँपालिकाले बालबालिकाको विकास, तत्काल उद्धार,राहत र पुनःस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि स्थापना गरिएको सम्झनु पर्दछ।

(ण) **“विषेश संरक्षणका आवश्यकता भएका बालबालिका”** भन्नाले नियमावलीको अनूसूची-१ बमोजिमको बालबालिका भन्ने सम्झनु पर्दछ ।

(त) **“बाल सञ्जाल”** भन्नाले दर्ता भएका बालक्लवहरुको समूहहरुको सञ्जाललाई सम्झनु पर्दछ।

(थ) **“परिषद”** भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्दछ ।

(द) **“सेवा प्रदायक निकाय”** भन्नाले मैवाखोला गाउँपालिकाको सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय,स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरुलाई सम्झनु पर्छ।

(ध) **“मन्त्रालय”** भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(न) **“प्रदेश मन्त्रालय”** भन्नाले कोशी प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

## परिच्छेद -२
## उद्देश्य

३. **उद्देश्यः** यस नियमावलीको उद्देश्य देहाय बमोजिम रहेको छः-

१. बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने,

२. बालबालिकाहरुको उच्चतम हितलाई ध्यान दिई गाउँपालिकालाई बालमैत्री गाउँपालिका निर्माणमा सहयोग पुर्याउने,

३. बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने,

४. स्थानीय तहमा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रचलन तथा परिपूर्ति गर्नु।

## परिच्छेद-३
## बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन, परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था

४.**बाल अधिकारको संरक्षणः** गाउँपालिका भित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, तथा परिपूर्ति बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ।

५. **बाल अधिकारको संरक्षण,सम्मान,सम्वर्द्धन,प्रवर्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः** बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, र प्रवर्धनका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछः-

१. गाउँपालिका भित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण-पत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाइनेछ।

२. नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरु उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने, गराउने कार्यहरु गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

३. प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्च,डेस्क टेबल, उज्यालो कोठा र हावा राम्ररी आवत जावत हुने), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवम् लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, महिनावारी सामग्री तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका

बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित बालमैत्री पठन पाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकूद र सामानको व्यवस्था गरिनेछ।

४. स्थानीय तह भित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ।

५. प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरुको अनुगमन तथा मूल्याङ्कन गरी समीक्षा गरिनेछ।

६. कम्तीमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ।

७. कुनै पनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सूर्तीजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लिल साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगाएत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ।

८. प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाइ सहज देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ।

९. बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बाल विवाह, बाल श्रम रोकथाम र अन्त्य गर्न, बाबुआमा विहीन र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गर्न सहजीकरण गरिनेछ।

१०. बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०९८-दश नौ आठ) लगायत सम्बन्धित सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारीसे फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचविखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०४) सँग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ।

११. गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग,बाबुआमा विहीन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क संकलन र अभिलेखीकरण गरी आवधिक रुपमा स्थानीय तहको वेबसाइटमार्फत समेत सार्वजनिक गरिनेछ।

१२. गाउँपालिका भित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

१३. गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

१४. खण्ड (११) बमोजिमको तथ्याङ्कको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी गाउँपालिका भित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्ने:** गाउँपालिका, गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिन व्यवस्था गरिनेछ।

७. **बालमैत्री र अपाङ्गमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ।

८. **बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था:** विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले मैवाखोला गाउँपालिकाको बालबालिका सम्बन्धि ऐन २०७९ दफा २१ बमोजिम यस नियमावलीको अनुसूची -१ मा रहेका बालबालिकाको लागि अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## बाल कल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण सम्बन्धी व्यवस्था

९. **बाल कल्याण अधिकारीको नियुक्ति:**(१) गाउँपालिकाले बालबालिकाको अधिकार, सम्मान, संरक्षण र संवर्द्धन तथा बाल संरक्षण कार्य गर्नको लागि एक जना बालक्लयाण अधिकारी नियूक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्ति हुने बालकल्याण अधिकारीको योग्यता देहाएबमोजिम हुनु पर्नेछ;

क. नेपाली नागरिक,

ख. कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल गरी बाल अधिकार वा बाल संरक्षणको क्षेत्रमा काम गरेको अनुभव भएको,

ग. एक्काइस वर्ष उमेर पूरा भएको,

घ. नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

ङ. बाल अधिकार हनन् तथा भ्रष्टाचारको कसूरमा सजाय नपाएको,

च. सरकारी तथा अर्धसरकारी निकायसँग कुनै बाँकी बक्यौता नरहेको,

छ. नियूक्त हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको।

(३) बालकल्याण अधिकारीले मैवाखोला गाउँपालिका स्तरीय बालअधिकार समितिको सदस्य-सचिवको रूपमा काम गर्नेछ।

(४) उपनियम (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म वा कुनै कारणले सो पद रिक्त भएको अवस्थामा प्रत्येक स्थानीय तहले महिला वा बालबालिका सम्बन्धी विषय हेर्ने कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ।

(५) गाउँपालिकामा नियूक्ति हुने बालकल्याण अधिकारीको पारिश्रमिक सेवाका शर्त र सुविधा सहायकस्तर पाँचौ तह सरह हुनेछ।

**१०. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने,

२. नेपाल सरकार, प्रदेश सरकार र मैवाखोला गाउँपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने,

३. गाउँपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

४. गाउँपालिका भित्र स्थायी तथा अस्थायी बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

५. बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

६. गाउँपालिकामा भएका बालअधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकको तत्काल उद्दार,राहत,संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

७. मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

८. वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

९. बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

१०. आपत्कालिन बाल उद्धार कोष आवश्यकता अनुसार सञ्चालन एवं परिचालन गर्ने,

११. बालबालिकाको विशेष हेरचाह र संरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संघ सस्थाहरुको सेवाहरुको मापन गर्ने,

१२. स्थानीय बालकल्याण समिति, वडास्तरीय समिति र सरोकारवाला निकायहरुसंग समन्वय गर्ने,

१३. विशेष हेरचाह र संरक्षण आवश्यक भएका बालबालिकाहरुको संरक्षकत्व तोक्ने,

१४. अध्यक्षको निर्देशनमा बैठक सञ्चालन गर्ने,

**११. समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्तिः** (१) समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष तोकिए बमोजिम आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचीमा रहेका समाजसेवी तथा बाल मनोविज्ञ मध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति समाजसेवी तथा बाल मनोविज्ञले बाल कल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्नेछ।

(४) बाल अदालतलाई आवश्यक पर्ने समाजसेवी तथा बालमनोविज्ञ उपनियम (१) बमोजिमको सूचीकृत समाजसेवी तथा बाल मनोविज्ञबाट नियुक्त गरिनेछ।

(५) समाजसेवी तथा बालमनोविज्ञको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको सर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **समाजसेवी तथा बाल मनोविज्ञको योग्यताः**

१. नेपाली नागरिक

२. नैतिकपतन देखिने फैजदारी अभियोग वा बालबालिका विरुद्धको कसुरमा अदालतबाट कसुरदार नठहरिएको,

३. असल चरित्र भएको,

४. समाजसेवीको रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र-तह १२ कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तिमा १ महिना तालिम प्राप्त गरेको,

५. बालमनोविज्ञको रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र-तह वा १२ कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको।

१३. **समाजसेवी तथा बाल मनोविज्ञको काम कर्तव्य**

(१) स्थानीय तहमा बाल संरक्षण कार्य तथा सेवा प्रवाहमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने

(२) बाल संरक्षण घटना व्यवस्थापन प्रक्रियामा आवश्यक पर्ने लेखाजोखा तथा प्रतिवेदन तयार गर्ने

(३) अदालति प्रक्रियामा घटनाको लेखाजोखा र प्रतिवेदन तयार गरी बालकल्याण अधिकारी मार्फत सहयोग गर्ने

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सर्वोत्तम हितको मूल्यांकन गरी बालकल्याण अधिकारीलाई प्रतिवेदन बुझाउने ।

**१४. वैकल्पिक हेरचाहको व्यवस्था:** विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले मैवाखोला गाउँपालिकाको बालबालिका सम्बन्धी ऐन २०७९ दफा २१ बमोजिम यस नियमावलीको अनुसूची -१ मा रहेका बालबालिकाको लागि अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद -५

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१५. स्थानीय बाल अधिकार समितिको गठन:** बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा (२) बमोजिम मैवाखोला गाउँपालिकाको स्थानीय बाल अधिकार समिति र समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः-

**गाउँपालिकाको बाल अधिकार समिति**

| | | |
|---|---|---|
| १. | गाउँपालिकाको उपाध्यक्ष | -अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. | कार्यपालिका बैठकले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य | -सदस्य |
| ४. | कार्यपालिका बैठकले तोकेको माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकमध्ये १ जना | -सदस्य |
| ५. | कार्यपालिका बैठकले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञमध्ये १ जना | -सदस्य |
| ६. | बालबालिका शाखा प्रमुख, शिक्षा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना | -सदस्य |
| ७. | गाउँपालिका स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना | -सदस्य |
| ८. | बाल अधिकार,बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट कार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना | -सदस्य |
| ९. | स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी | -सदस्य |
| १०. | गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्थामध्ये कार्यपालिकाले | |

मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

११. बाल कल्याण अधिकारी -सदस्य सचिव

१६. **स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** १. स्थानीय बाल अधिकारी समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ।

२. उपनियम (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

२. बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

३. गाउँपालिका भित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

४. गाउँपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा वा तनाव, बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहरको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

५. गाउँपालिका भित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउने। नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने,

६. गाउँपालिका भित्रका भौतिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागु गर्ने,

७. बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

८. जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

९. बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी गाउँकार्यपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक स्थानीय प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

१०. बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा कार्यलयलाई सहयोग गर्ने,

११. विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने।

१४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ नियम ४८ बमोजिम यस नियमावलीको अनुसूची -१ मा रहेका बालबालिका मानिनेछन्।

**१७. समितिको बैठकः** स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी वर्षमा कम्तीमा ४ वटा अनिवार्य बस्नुपर्ने छ । साथै बालबालिका सम्बन्धी घटनाहरु र गाम्भीर्यताको आधारमा आवश्यकता अनुसार बस्न सकिनेछ।

**१८. वडास्तरीय बाल अधिकार समितिः**

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | संयोजक |
| (ख) | वडा समितिले मनोनित गरेका निर्वाचित एक जना महिला सदस्य | सदस्य |
| (ग) | स्थानीय स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट एक जना | सदस्य |
| (घ) | वडा अध्यक्षले मनोनित गरेको एकजना विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (ङ) | समितिबाट मनोनित समाजसेवी महिला | सदस्य |
| (च) | स्थानीय प्रहरी प्रमुख | सदस्य |
| (छ) | वडास्तरीय बालक्लबका अध्यक्ष/प्रतिनिधि १ जना | सदस्य |
| (ज) | वडा सचिव | सदस्य सचिव |

**१९. वडास्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

१. वडामा रहेका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने,

२. वडामा रहेका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि स्थानीय बालअधिकार समितिमा सिफारिस गर्ने,

३. बालमैत्री वडा बनाउन आवश्यक पूर्वाधारहरु तयार पार्ने,

४. बाल अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी कार्य गर्ने।

**परिच्छेद-६**

## आपत्कालीन बाल उद्धार कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**२०. आपत्कालीन बाल उद्धार कोषको स्थापना:** (१) बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ र मैवाखोला गाउँपालिकाको बालबालिका सम्बन्धी ऐन २०७९ दफा ३० बमोजिम गाउँपालिकामा आपत्कालीन बाल उद्धार कोष रहनेछ।

(२) उपनियम (१) बमोजिको आपत्कालीन बाल उद्धार कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्
गाउँपालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट,

१. संघ संस्थाबाट प्राप्त हुने सहायता,

२. निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

३. स्थानीय न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

४. बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

५. अन्य स्रोत।

**स्पष्टीकरण:** वैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट आपत्कालीन बाल उद्धार कोषमा रकम जम्मा गर्न नेपाल सरकार अर्थ मन्त्रालय वा स्थानीय कानून बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ। साथै मध्यपान तथा धुमपान र बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पार्ने व्यवसायबाट आपत्कालीन बाल उद्धार कोषमा रकम लिईनेछैन।

**२१. आपत्कालीन बाल उद्धार कोषको सञ्चालक समिति:** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको आपत्कालीन बाल उद्धार कोष सञ्चालक समिति रहनेछः-

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (घ) लेखा प्रमुख | -सदस्य |
| (ङ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना | -सदस्य |
| (च) बाल कल्याण अधिकारी | -सदस्य सचिव |

(२) उपनियम (१) बमोजिको समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

**२२. आपत्कालीन बाल उद्धार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:** आपत्कालीन बाल उद्धार कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

१. तत्कालीन समयमा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भइ सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस नियमावली बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

२. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, पुनस्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

३. सहयोगको आवश्यकता भएका बालबालिकालाई नियम २४ बमोजिमको बाल कोषको प्रयोग र नियम २५ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने,

४. बाल कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ।

**२३ आपत्कालीन बाल उद्धार कोष सञ्चालक समितिको बैठक:** आपत्कालीन बाल उद्धार बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. आपत्कालीन बाल उद्धार कोषको प्रयोगः** आपत्कालीन बाल उद्धार बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः-

१ विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार,र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

२ अदालतको आदेशानुसार गाउँपालिका भित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

३ मनोविमर्श तथा कानूनी परामर्श र सहायताका लागि,

४ जोखिममा परेका बालबालिकालाई आपतकालीन राहत सेवाका लागि,

५ स्वास्थ्य उपचार सहायताका लागि,

६ लागुपदार्थ दुर्व्यसनी उपचार तथा पूनः स्थापना सेवाका लागि पारिवारिक परामर्श सेवाका लागि,

७ स्वदेशफिर्ति, पारिवारिक पुनर्मिलन तथा पुनः स्थापनाका सेवाका लागि,

८ वैकल्पिक हेरचाहको प्रबन्धका लागि ।

**२५. आपत्कालीन बाल उद्धार कोष रकमको खर्च सीमा:** आपत्कालीन बाल उद्धार कोषको रकम देहायको अवस्थामा र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रु. **तीस** हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रु. **पच्चीस** हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रु. **बीस** हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) बाल कोषको रकम तालीम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतना मूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइनेछैन।

**२६. आपत्कालीन बाल उद्धार कोषको खाता सञ्चालनः** (१) आपत्कालीन बाल उद्धार कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपनियम १ बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आपत्कालीन बाल उद्धार कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन।

**२७. आपत्कालीन बाल उद्धार कोषको लेखा र लेखापरीक्षणः** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) बाल कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-७

## विविध

२८. **प्रोत्साहन पुरस्कारको व्यवस्था:** बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन र प्रवर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

२९. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:** नियमावलीको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार स्थानीय तहको कार्यपालिकालाई हुनेछ।

३०. **संशोधन गर्न सक्ने:** यस नियमावलीलाई मैवाखोला गाँउपालिकाको कार्यपालिका बैठकले आवश्यक संशोधन गर्न सक्नेछ।

३१. **यसै नियमावली बमोजिम भए गरेको मानिने:** गाउँपालिकाले यो नियमावली लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ। यस नियमावलीमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्धन र प्रवर्धनका प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

३२. **बचाउ:** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानुनसँग यो नियमावली बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ। तर यो नियमावली लागू हूनुभन्दा अघि सम्पन्न भइसकेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भएको मानिनेछ।

३३. **खारेजी:** मैवाखोला गाउँपालिकाको आपत्कालीन बाल उद्धार कोष (सञ्चालन) सम्बन्धी कार्यविधि २०८० खारेज गरिएको छ।

## अनुसूची – १

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

(१) अनाथ बालबालिका,

(२) अस्पतालमा बेवारीसे अवस्थामा छोडिएका बालबालिका,

(३) कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएका बालबालिका,

(४) बेवारीसे फेला परेका बालबालिका,

(५) बाबुआमाबाट अलग्गिएका बालबालिका,

(६) बाबुआमा पत्ता नलागी बेवारीसे भएका बालबालिका,

(७) आमाबाबुलाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(८) कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(९) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(१०) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(१२) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,

(१३) धूमपान, मद्यपान एवं अन्य लागू औषधको कूलतमा फसेका, एच.आई.भि. सङ्क्रमित बालबालिका,

(१४) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको बालबालिका,

(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(१६) बालबालिका विरुद्धको कसूरबाट पिडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१७) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका बालबालिका,

(१८) बाबुआमा दुवै वा आमा बाबुमध्ये एक बेपत्ता भएका बालबालिका,

(१९) आफैँ शारीरिक वा मानसिक रुपमा घाइते भएका बालबालिका,

(२०) अपाङ्गता भएका बालबालिका,

(२१) विपन्न दलित समुदायका बालबालिका,

(२२) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका।

## अनुसूची -२

## स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

मितिः................

श्री बाल अधिकार समिति/न्यायिक समिति
मैवाखोला गाउँपालिका ।

विषयः- उजुरी सम्बन्धमा ।

१. विद्यार्थीको नाम थर..........................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दन पनि हुने)

२. कक्षा............ (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयकको नाम.............................................

४. उमेर..............................

५. लिङ्ग...............................

६. गुनासो तथा घटनाको संक्षिप्त विवरण..............................................................
...........................................................................................................

७. घटना घटाउने व्यक्ति...............................................

८. घटनाको प्रकृति.............................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ...........................................

१०.घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्छन

...........................................................................................................................................

.........................................................................................................

निवेदकको दस्तखत
(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

**आज्ञाले,**

**....................**
**प्रमुख प्रशासकिय अधिकृत**